# भूमि अधिकार अभियान
## मासिक खबर

वर्ष : १ | अङ्क : ७ | माघ, २०७१


### चौथो राष्ट्रिय सम्मेलन तयारी अन्तिम चरणमा




राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो राष्ट्रिय सम्मेलन यही फागुन १० देखि १२ सम्म सुदूरपश्चिमको महेन्द्रनगरमा हुँदैछ । सम्मलेलनको तयारी तिव्र भइरहेको छ । सम्मेलनमा नेपालका पूर्व प्रधानमन्त्रीदेखि विभिन्न राजनीतिज्ञ, भूमि तथा कृषि अधिकार अभियानका अनुभवी व्यक्तित्वहरू र विदेशी पाहुनाहरूसमेत सहभागी हुनेछन् ।

सम्मेलनमा सहभागी हुन सबै जिल्ला भूमि अधिकार मञ्चहरूले जिल्ला भेला गरी प्रतिनिधि तथा पर्यवेक्षक चयन गरिसकेका छन् । सोही भेलामा मञ्चको दस्तावेजमा पनि छलफल भएको थियो । प्रतिनिधि, पर्यवेक्षक र स्वयम्सेक गरी करिव १ हजार जना सहभागी हुनेछन् भने सम्मेलनको पहिलो दिन उद्घाटन सत्रमा करिव २० हजारले सहभागिता जनाउनेछन् ।

सम्मेलनको लागि ३५,००० प्रति पर्चा (नेपाली २० हजार, मैथली, डोटेली र थारु भाषामा पाँच/पाँच हजार), ५ हजार प्रति पोष्टर, ५ हजार प्रति स्टीकर प्रकाशन गरी सबै जिल्लाहरूमा प्रचार प्रसारको लागि पठाइएको छ । साथै राष्ट्रिय सम्मेलनमा सहभागी हुनको लागि आयोजक जिल्लाका घरघरमा ५ हजार प्रति निमन्त्रण पत्र छपाई गरी पठाइएको छ । साथै सम्मेलनमा सहभागी प्रतिनिधि, पर्यवेक्षक र स्वयम्सेवकहरूलाई वितरण गर्न ८०० थान ज्याकेट, ८०० थान कापी र पेन छपाई गरिसकिएको छ । साथै एक सय थान झण्डा, ३ वटा मुल व्यानर, १५ वटा सहायक व्यानर लेखन कार्य सकिएको छ ।

राष्ट्रिय सम्मेलनको अवसरमा साइकल यात्राद्वारा प्रचार-प्रसार गर्नको लागि जिल्ला भूमि अधिकार मञ्च, कैलालीले १०६ जना साइकल यात्री तयार गरी व्यवस्थापन गरिसकेको छ । साथै चौथो राष्ट्रिय सम्मेलनको लागि कञ्चनपुर जान बाटोमा लाग्ने खर्च तथा सम्मेलन प्रति तोकिएको दायित्व बुझाउन सबै जिल्ला भूमि अधिकार मञ्चहरूले आर्थिक तथा जिन्सी सहयोग सङ्कलन अभियान गरिरहेका छन् ।

### संयुक्त पुर्जा बनाउने थपिए



माघ महिनामा ११७ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले ७३.८ हेक्टर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका हुन् । यसरी पुर्जा बनाउनेमा खोटाङका ९७ जोडी, महोत्तरीका १५ जोडी, सुर्खेतका ८ जोडी, सर्लाहीका ४ जोडी, मोरङका ३ जोडी, सुनसरीका ३ जोडी, नुवाकोटका ३ जोडी, सिरहाको २ जोडी, कैलालीका १ जोडी र उदयपुरका १ जोडी छन् ।

### जोडी अभिनन्दन



जिल्ला भूमि अधिकार मञ्च, ललितपुरले भूमि अधिकार अभियानमा सङ्गठित भई संयुक्त पुर्जा बनाउने ४० जोडी किसानलाई सम्मान गरेको छ । मञ्चले प्यूटार गाविसका २२ जोडी र आस्राङ गाविसका १८ जोडी किसानलाई दोसल्ला ओढाई प्रमाण पत्रको साथमा सम्मान गरेको हो । प्यूटार गाविसको कालिदेवी उमाविको हलमा माघ २० गते भएको सम्मान कार्यक्रममा सभासद् सुशिला नेपाल सहभागी भई संयुक्त पुर्जा बनाउने किसान जोडीलाई सम्मान गर्नुभयो ।

### गाउँ मञ्चको कामको कदर

महोत्तरी, चुरेको नाङ्गो पाखो संरक्षण गरी हरियाली बनाउन खेलेको भूमिकाको कदर गर्दै बुडुवा गाउँ भूमि अधिकार मञ्च, खयरमारालाई जिल्ला वन कार्यलायले सम्मान गरेको छ । मञ्चलाई वन कार्यालयले प्रमाण पत्रका साथमा १ हजार रूपियाँको प्रदान गरी सम्मान गरेको हो ।

गाउँ मञ्चले करिव २ बिघा क्षेत्रफलको नाङ्गो पाखोमा खयर, सिसौ, मसला, बाँस, अम्रिसो लगाएतको विरुवा रोपण गरेको छ । गाउँ मञ्चले खाली पाखोमा लगाएको अम्रिसोको विक्रीबाट एक हजार ३ सय रूपियाँ आम्दानी पनि गरेको छ । गाउँ मञ्चमा २७ परिवार भूमि अधिकारबाट वञ्चितहरू सङ्गठित छन् ।

### बस्ती पुनर्स्थापन गर्न सहमति

जिल्ला भूमि अधिकार मञ्च, बाँकेको सहजीकरणमा उठिबासको चपेटामा परेको गनापुर- ६ को फारमबस्तीका पीडित परिवारलाई पुनस्थार्पना गर्न लिखीत सहमति भएको छ । मञ्चको पहलमा स्थानीय राजनीतिक दलसँग पटकपटक भएको छलफलपछि नेपाली काँग्रेस, नेकपा एमाले, एनेकपा माओवादीलगायतका राजनीतिक दलका प्रतिनिधिहरूले गनापुर र मुर्गैयानाला गाविस छेउमा रहेको १ बिघा ऐलानी जमिनमा बस्ती बसाउने लिखीत निर्णय भएको छ ।

### सुकुमबासी आयोगको काम रोकिन नहुने भन्दै प्रर्दशन



सुकुमबासीका समस्या समाधान गर्न गत २०७१ असार २ गते नेपाल सरकारले गठन गरेको सुकुमबासी समस्या समाधान आयोगलाई काम कार्वाही नगर्नु/नगराउनु भन्दै सर्वोच्च अदालतले पुस १ गते अन्तरिम आदेशद्वारा रोक लगाएपछि आयोगको काम ठप्प भएको छ । सुकुमबासी आयोगमा मुलुकभरबाट ८ लाख ६१ हजार ३ सय १७ परिवारले निवेदन पेश गरेका छन् । सर्वोच्चले आदेश जारी गरेपछि मुलुकका ७२ जिल्लाको काम काज ठप्प भएको र छानवीनको काम पनि रोकिएको छ । सुकुमबासीहरूले भने आयोगको काम रोक्न नहुने भन्दै माघ ३ गते दाङ, बाँके, बर्दिया, सुर्खेत, सर्लाही र महोत्तरीमा विरोध प्रर्दशन गरेका छन् ।

### भूमि सुधार समिति गठन

ओखलढुङ्गाको च्यानम गाविसमा अर्जुनकुमार चौलागाइँको अध्यक्षतामा १५ सदस्यीय भूमि सुधार अभ्यास समिति गठन भएको छ । भेलामा स्थानीय राजनीतिक दल, सरकारी तथा गैसरकारी संस्थाका प्रतिनिधि र भूमि अधिकार

मञ्चका सदस्यहरूसहित (१६ महिला, ७ दलित र २ जनजाती) २९ जना सहभागी थिए । सामुदायिक भूमि सुधार अभ्यास समितिले स्थानीयस्तरमा भूमि सुधारसम्बन्धी काम गर्ने योजना निर्माण गरेको छ ।

### भेला तथा प्रशिक्षण

माघ महिनामा विभिन्न जिल्ला भूमि अधिकार मञ्चहरूले भेला, अगुवा प्रशिक्षण तथा शिविर भएका छन् । यस क्रममा महोत्तरीमा दुई दिने कानुनी अधिकारसम्बन्धी तालिम भयो । माघ २७ र २८ गते बर्दिबासको हङ्कङ डाँडामा भएको तालिममा अधिवक्ता विकरु यादवले सहजीकरण गरेका थिए । तालिममा अभियानमा क्रियाशील कार्यकर्ता, जिल्ला मञ्चका पदाधिकारी र अगुवाहरू सहभागी थिए ।



जिल्ला मञ्च, सिन्धुपाल्चोकको आयोजनामा बाडेगाउँमा ऐलानी पीडित किसानहरूको भेला भयो । भेलामा ६७ जना किसान सहभागी भएका थिए । ऐलानी पीडित किसानहरूले गाविसको कार्यालयबाट जोतभोगको प्रमाण पत्र लिनको लागि गाविसमा निवेदन दिने विषयमा छलफल गरी योजना बनाएका छन् ।

जिल्ला मञ्च, ललितपुरले माघ २१ र २२ मा प्यूटार गाविसमा अगुवा भेला तथा प्रशिक्षण विशिर गऱ्यो । प्रशिक्षणमा ८ गाविसमा ३९ महिला, ७ दलित, १७ जनजातीसहित ६० जना अगुवा सहभागी थिए ।

जिल्ला मञ्च बर्दियाले एक दिने अगुवा भेला आयोजना गऱ्यो । माघ १० गते भएको भेलामा ८ गाविसका १३ महिलासहित ३७ सहभागी थिए । भेलामा जिल्ला मञ्चको आगामी योजनाहरूको विषयमा छलफल गरी लक्ष्यअनुसारको उपलब्धी हासिल गर्नको लागि अगुवाहरूबीच जिम्मेवारी बाँडफाँड गरिएको छ ।

### भूमिघरको लागि जग्गा प्राप्त

सुनसरी, महक महिला कृषि सहकारी संस्था, हाँसपोसाले भूमिघर निर्माण गर्न ३ धुर जग्गा लिई सहकारीको नाममा पास गरेको छ । उक्त जग्गा स्थानीय हरिलाल अधिकारले निःशुल्क दिएका हुन् । जग्गाको स्थानीय मूल्याङ्कनअनुसार ३ लाख रूपियाँ पर्छ । भूमिघर निर्माण गर्ने योजना बनाई आर्थिक सहयोग सङ्कलन गर्ने कार्य भइरहेको छ ।

### टीम अखिमुखकीरण भयो

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको कर्मचारीहरूको लागि ६ देखि ८ माघ, २०७१ सम्म भूमिघर धापासीमा संस्थाको नयाँ रणनीति, नीतिहरू र आगामी योजना तथा प्राथमिकताको विषयमा अभिमुखीकरण भयो । अभिमुखीकरणमा संस्थामा कार्यरत २४ जना कर्मचारीहरू सहभागी हुनुहन्थ्यो ।



अभिमुखीकरणमा आत्मनिर्भर केन्द्रको सुरुवात, लक्ष्य र इतिहासको बारे छलफल भयो । साथै भूमि तथा कृषि अधिकार अभियानको नयाँ रणनीति (साउन २०७१ देखि असार २०७६) बारेमा छलफल गरी समान बुझाई कायम गरियो । अभिमुखीकरणमा आत्मनिर्भर केन्द्रको विभिन्न नीतिहरूको बारेमा पनि छलफल भई सो विषयमा स्पष्ट हुनुको साथै नीतिहरू पालनाका विषयमा पनि जानकारी हासिल गरिएको छ । अभिमुखीकरणपछि गरिछाड्ने १० बुँदे साझा योजना निर्माण गरिएको छ ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC
आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org